वार्षिक अङ्क ६

अर्थ बुलेटीन

(आर्थिक वर्ष २०८१/८२ को वार्षिक तथ्याङ्कमा आधारित)

प्रमुख झलकहरु

- *सन् २०२४ मा विश्व अर्थतन्त्र ३.३ प्रतिशतले विस्तार भएकोमा २०२५ मा २.८ प्रतिशत प्रतिशतले विस्तार हुने अन्तरर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ।*
- *आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत भएको अनुमान छ। यस अवधिमा कृषि क्षेत्र ३.२५ प्रतिशत, उद्योग क्षेत्र ४.६५ प्रतिशत र सेवा क्षेत्र ४.२१ प्रतिशतले विस्तार भएको अनुमान छ। वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशत भित्र रही मूल्य स्थिरता कायम भएको छ।*
- *कुल राजस्व सङ्कलन (बाँडफाँट हुने रकम समेत) ११.३ प्रतिशतले वृद्धि भई रु.११ खर्ब ७८ अर्ब ८२ करोड पुगेको छ भने कुल सङ्घीय सरकारी खर्च ९.३ प्रतिशतले वृद्धि भई रु.१५ खर्ब २३ अर्ब ११ करोड पुगेको छ।*
- *२०८२ असार मसान्तमा सरकारको तिर्न बाँकी कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४३.७ प्रतिशत रहेको छ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १२.६ प्रतिशतले वृद्धि भएको छ भने निजी क्षेत्रमा भएको कर्जा प्रवाह ८.४ प्रतिशतले वृद्धि भएको छ।*
- *२०८१ असारमा ८.०० प्रतिशत रहेको वाणिज्य बैंकको भारित औसत आधार दर, २०८२ असारमा ६.०२ प्रतिशत रहेको छ। यस अवधिमा वाणिज्य बैंकको निक्षेपको भारित औसत ब्याजदर ५.७७ प्रतिशतबाट ४.१९ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ९.९३ प्रतिशतबाट ७.८५ प्रतिशत कायम भएको छ।*
- *आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७७ अर्ब ३ करोड पुगेको छ। यस अवधिमा कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ४ अर्ब १२ करोड पुगेको छ। निर्यात व्यापारको आकार सानो हुँदा निर्यात व्यापारको वृद्धिदर बढी भए तापनि वस्तु व्यापार घाटा ६.० प्रतिशतले वृद्धि भएको छ।*
- *विप्रेषण आप्रवाह १९.२ प्रतिशतले वृद्धि भएको छ। चालु खाता रू.४ खर्ब ९ अर्ब २० करोड र शोधनान्तर स्थिति रू.५ खर्ब ९४ अर्ब ५४ करोडले बचतमा रहेको छ, जुन हालसम्मकै उच्च हो।*
- *विदेशी विनिमय सञ्चिति रु.२६ खर्ब ७७ अर्ब ६८ करोड पुगेको छ। उक्त सञ्चिति १८.२ महिनाको वस्तु आयात र १५.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।*
- *बीमा प्रिमियम सङ्कलन १४.८ प्रतिशतले वृद्धि भएको छ। बीमाको दायरामा आएको जनसङ्ख्या २०८२ असारमसान्तमा ४८.३ प्रतिशत पुगेको छ।*
- *२०८२ असार मसान्तमा नेप्से सूचकाङ्क २७९४.७९ बिन्दु कायम भएको छ।*
- *कुल विद्युत जडित क्षमता ३५९१.२६ मेगावाट पुगेको छ। खुद विद्युत निर्यात पहिलोपटक बचतमा रहेको छ।*

विश्व एवम् दक्षिण एसियाली आर्थिक स्थिति

१. सन् २०२४ मा विश्व अर्थतन्त्र ३.३ प्रतिशतले विस्तार भएकोमा सन् २०२५ मा ३.० प्रतिशतले विस्तार हुने अनुमान अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ। साथै, सन् २०२६ मा विश्वको आर्थिक वृद्धि ३.१ प्रतिशत हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ।

२. विश्व बैंकको अक्टोबर, २०२५ को प्रतिवेदन अनुसार सन् २०२५ मा नेपालको अर्थतन्त्र ४.६ प्रतिशतले वृद्धि भएको अनुमान छ। सन् २०२६ मा नेपालको अर्थतन्त्र २.१ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण विश्व बैंकले गरेको छ। ढिलो मनसुन र जारी राजनीतिक एवम् आर्थिक अनिश्चितताको कारण नेपालको आर्थिक वृद्धिदर न्यून रहने प्रक्षेपण विश्व बैंकले गरेको छ।

तालिका (१): कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)

देश/क्षेत्र	२०२४	२०२५ (अनुमानित)	२०२६ (प्रक्षेपित)
माल्दिभ्स	३.३	४.२	३.९
श्रीलङ्का	५.०	४.६	३.५
बङ्गलादेश	४.२	४.०	४.८
भुटान	६.१	७.०	७.३
भारत	९.२	६.५	६.५
नेपाल	३.७	४.६	२.१
सार्क क्षेत्र	६.४	६.६	५.८
विश्व	३.३	३.०	३.१

स्रोतः विश्व बैंक, अक्टोबर,२०२५/अन्तर्राष्ट्रिय मुद्रा कोष, जुलाई, २०२५ (विश्व आर्थिक वृद्धिदरमात्र)

३. सन् २०२६ मा सार्क क्षेत्रका मुलुकमध्ये भुटानको आर्थिक वृद्धिदर सबैभन्दा बढी र नेपालको सबैभन्दा कम रहने प्रक्षेपण विश्व बैंकको रहेको छ। सन् २०२६ मा दक्षिण एसियाली मुलकको औसत आर्थिक वृद्धिदर ५.८ प्रतिशत रहने प्रक्षेपण छ। भारत बाहेक अन्य दक्षिण एसियाली मुलकको औसत आर्थिक वृद्धिदर ५.१ प्रतिशत रहने प्रक्षेपण छ।

राष्ट्रिय अर्थतन्त्र

४. आर्थिक वर्ष २०८१/८२ मा नेपालको अर्थतन्त्र ४.६१ ले विस्तार भएको अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्र ३.६७ प्रतिशतले विस्तार भएको थियो। विगत दश वर्षको नेपालको औसत आर्थिक वृद्धिदर ४.२० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालको अर्थतन्त्र ६.० प्रतिशतले वृद्धि हुने लक्ष्य रहेको छ।

५. पछिल्ला वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान बढ्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा कृषि र गैरकृषि क्षेत्रको योगदान क्रमशः २४.७ प्रतिशत र ७५.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा उक्त क्षेत्रको योगदान क्रमशः २५.२ प्रतिशत र ७४.८ प्रतिशत रहेको अनुमान छ।

चार्ट (१) : पछिल्लो दशकको कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ प्रा- प्रारम्भिक सं-संशोधित

६. पछिल्ला तीन वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानमा क्रमशः वृद्धि भएको छ भने उद्योग क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ। सेवा क्षेत्रको समेत योगदान केही घटेको छ।

७. पछिल्लो दशकमा मुलुकको औसत आर्थिक वृद्धिदर ४.२० प्रतिशत रहेको छ। यस अवधिमा कृषि क्षेत्रको औसत वृद्धिदर ३.०१ प्रतिशत र गैरकृषि क्षेत्रको ४.३६ प्रतिशत रहेको छ।

चार्ट (२) : पछिल्लो दशकको आर्थिक वृद्धिको प्रवृत्ति (प्रतिशतमा)



स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

समग्र मूल्यस्थिति

८. उपभोक्ता मुद्रास्फीति बजेटले लिएको सीमाभित्र रही मूल्य स्थिरता कायम भएको छ। आर्थिक वर्ष २०८१/८२ मा औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष

यस्तो मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा औसत थोक मुद्रास्फीति भने ३.८४ प्रतिशत रहेको छ।

चार्ट (३) : पछिल्लो दशकको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति (प्रतिशत)



स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

९. वार्षिक बिन्दुगत आधारमा, २०८२ असार महिनाको उपभोक्ता मुद्रास्फीति २.२० प्रतिशत रहेको छ। वार्षिक बिन्दुगत आधारमा, २०८२ मङ्सिरमा मुद्रास्फीति दर सबैभन्दा बढी र २०८२ असारमा सबैभन्दा कम रहेको छ।

चार्ट (४) : विगत तीन आर्थिक वर्षको मासिक उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति (प्रतिशत)



स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

सार्वजनिक वित्त

१०. आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक वित्तका परिसूचक प्रायः सकारात्मक रहेका छन्। बजेट घाटा बढेपनि वित्त घाटा र प्राथमिक घाटामा सुधार भएको छ। राजस्व परिचालन ११.३ प्रतिशत र कुल सङ्घीय खर्च ९.३ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को वित्तीय व्यवस्थातर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ। सार्वजनिक ऋण रु.२६ खर्ब ७० अर्ब पुगेको छ।

तालिका (२): विगत पाँच आर्थिक वर्षको सार्वजनिक वित्तका चरहरु (रु.अर्बमा)

विवरण	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२ (प्रा.)
सङ्घीय खर्च	११९६.६८	१३१०.००	१४२१.३३	१३९३.४०	१५२३.११
चालु खर्च	८४६.२२	९५४.३२	९९१.५१	९२९.१३	९८०.३८
पुँजीगत खर्च	२२८.८४	२१६.२१	२३४.६२	१९२.०३	२२२.६८
वित्तीय व्यवस्था	१२१.६२	१३९.४७	१९५.२०	२७२.२५	३२०.०४
सङ्घीय राजस्व परिचालन	८२४.९५	९३८.२८	८३४.०६	९२९.०५	१०३७.६२
कर राजस्व	७६१.०६	८५९.१३	७४८.४२	८२०.७०	९०८.६८
गैरकर राजस्व	६३.८९	७९.१५	८५.६४	१०८.३५	१२८.९४
वैदेशिक अनुदान	३५.४५	२४.१५	२३.०१	२४.०१	२३.५३
नगद मौज्दात र बेरुजु	४०.४३	४८.५०	५३.३०	२३.८५	१७.३७
आन्तरिक ऋण लगानी फिर्ता	३.२२	२.९४	११.८१	७.२६	-
राजस्व बाँडफाँट	११०.९४	१२८.०७	१२३.२९	१२९.८६	१४१.२०
ब्याज भुक्तानी	३४.७४	४५.२३	७३.०३	८२.१०	७०.४४
कुल सङ्घीय आय	९०४.०५	१०१३.८७	९२२.१९	९८४.१७	१०७८.५२
बजेट सन्तुलन	-२९२.६३	-२९६.१३	-४९९.१४	-४०९.२३	-४४४.५९
वित्त सन्तुलन	-१७४.२३	-१५९.६०	-३१५.७६	-१४४.२५	-१२४.५४
प्राथमिक सन्तुलन	-१३९.४९	-११४.३७	-२४२.७३	-६२.१५	-५४.१०
तिर्न बाँकी सार्वजनिक ऋण	१७३७.६	२०१३.३	२२९९.४	२४३८.५	२६६९.५८
बाह्य	९३४.७	१०२५.८	११७०.२	१२५७.६	१४०१.३५
आन्तरिक	८०२.९	९८७.४	११२९.१	११८०.९	१२६८.२३

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय २०८२ प्रा. = प्रारम्भिक

नोटः आर्थिक वर्ष २०८१/८२ को सङ्घीय गैरकर राजस्व अन्तर्गत सङ्घले संकलन गरेको रोयल्टी समेत समावेश गरिएको। आर्थिक वर्ष २०८१/८२ को राजस्व बाँडफाँट अन्तर्गत मूल्य अभिवृद्धि कर र अन्तःशुल्क (आ.) मात्र समावेश गरिएको।

११. आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारले कुल रु.११ खर्ब ७८ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ। यस अवधिमा सङ्घीय सरकारको खर्च रु.१५ खर्ब २३ अर्ब ११ करोड पुगेको छ। कुल सङ्घीय खर्चमध्ये चालु, पूँजीगत र वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा क्रमशः ६४.४ प्रतिशत, १४.६ प्रतिशत र २१.० प्रतिशत रहेको छ।

१२. सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋण २०८२ असार मसान्तमा कुल गार्हस्थ्य उत्पादनको ४३.७ प्रतिशत पुगेको छ। २०८१ असार मसान्तमा यस्तो अनुपात ४२.६ प्रतिशत रहेको थियो।

१३. आर्थिक वर्ष २०८१/८२ मा कुल सङ्घीय खर्च कुल गार्हस्थ्य उत्पादनको २४.९ प्रतिशत, कुल राजस्व सङ्कलन (बाँडफाँट पूर्वको) कुल गार्हस्थ्य उत्पादनको १९.३ प्रतिशत रहेको छ भने सङ्घीय

राजस्व १७.० (बाँडफाँट हुने रोयल्टी समेत सङ्घीय राजस्वमा समावेश गरिएको र आगामी वर्ष यसको अद्यावधिक गरिने) प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः २४.४ प्रतिशत, १८.५ प्रतिशत र १६.३ प्रतिशत रहेको थियो।

१४. आर्थिक वर्ष २०८१/८२ मा कुल सङ्घीय आय कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १७.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो अनुपात १७.२ प्रतिशत रहेको थियो।

तालिका (३) : सार्वजनिक वित्तका परिसूचकहरु (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

विवरण	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२ (प्रा.)
सङ्घीय खर्च	२७.५	२६.३	२६.५	२४.४	२४.९
चालु खर्च	१९.४	१९.२	१८.५	१६.३	१६.१
पुँजीगत खर्च	५.३	४.३	४.४	३.४	३.६
वित्तीय व्यवस्था	२.८	२.८	३.६	४.८	५.२
राजस्व सङ्कलन	२१.५	२१.४	१७.८	१८.५	१९.३
कर राजस्व	२०.०	१९.८	१६.१	१६.५	१७.२
गैरकर राजस्व	१.५	१.६	१.७	२.०	२.१
सङ्घीय राजस्व परिचालन	१९.०	१८.९	१५.५	१६.३	१७.०
कर राजस्व	१७.५	१७.३	१३.९	१४.४	१४.९
गैरकर राजस्व	१.५	१.६	१.६	१.९	२.१
वैदेशिक अनुदान	०.८	०.५	०.४	०.४	०.४
नगद मौज्दात र बेरुजु	०.९	१.०	१.०	०.४	०.३
आन्तरिक ऋण लगानी फिर्ता	०.१	०.१	०.२	०.१	०.०
राजस्व बाँडफाँट	२.५	२.६	२.३	२.३	२.३
ब्याज भुक्तानी	०.८	०.९	१.४	१.४	१.२
कुल सङ्घीय आय	२०.८	२०.४	१७.२	१७.२	१७.७
बजेट सन्तुलन	-६.७	-६.०	-९.३	-७.२	-७.३
वित्त सन्तुलन	-४.०	-३.२	-५.९	-२.५	-२.०
प्राथमिक सन्तुलन	-३.२	-२.३	-४.५	-१.१	-०.९
तिर्न बाँकी सार्वजनिक ऋण	३९.९	४०.५	४२.८	४२.६	४३.७
बाह्य	२१.५	२०.६	२१.८	२२.०	२२.९
आन्तरिक	१८.४	१९.८	२१.०	२०.७	२०.८

स्रोतः महालेखा नियन्त्रक कार्यालय/नेपाल राष्ट्र बैंक/केन्द्रीय तथ्याङ्क विभाग, २०८२ प्रा. = प्रारम्भिक

१५. आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारको बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ७.३ प्रतिशत, वित्त घाटा २.० प्रतिशत र प्राथमिक घाटा ०.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ को तुलनामा वित्त घाटा र प्राथमिक घाटामा सुधार भएको छ भने बजेट घाटा केही बढेको छ।

चार्ट (५): सङ्घीय सरकारको वित्त सन्तुलन (जिडिपिको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

१६. पछिल्लो ५ आर्थिक वर्षमा विनियोजित पुँजीगत बजेटको औसत ६२.१ प्रतिशत मात्र खर्च भएको छ। विकास परियोजनाको व्यवस्थापकीय कमजोरी लगायतका कारण पुँजीगत खर्च न्यून रहन गयो। पुँजीगत खर्च न्यून रहेपनि औसत सङ्घीय खर्च भने विनियोजित बजेटको ८०.४ प्रतिशत रहेको छ।

चार्ट (६) : पछिल्लो पाँच आर्थिक वर्षको सार्वजनिक खर्च उपयोगको स्थिति (विनियोजित बजेटको प्रतिशत)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

१७. आर्थिक वर्षको अन्त्यतिर खर्च भुक्तानी अधिकेन्द्रित हुने गरेको छ। खर्च भुक्तानीको दृष्टिले सबैभन्दा बढी अन्तिम त्रयमास र सबैभन्दा कम पहिलो त्रयमासमा हुने गरेको छ। यद्यपि, पछिल्लो ५ आर्थिक वर्षको खर्च भुक्तानीको प्रवृत्ति हेर्दा पहिलो त्रयमासमा खर्च भुक्तानी क्रमशः बढ्दै गएको

छ। आर्थिक वर्ष २०८०/८१ को अन्तिम त्रयमासमा ३५.५ प्रतिशत खर्च भुक्तानी भएकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो भुक्तानी ३४.४ प्रतिशत रहेको छ।

तालिका (४) : सङ्घीय सरकारको मासिक खर्च भुक्तानी स्थिति (प्रतिशत)

महिना	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
साउन	०.१७	०.८	१.५७	२.४९	२.६४
भदौ	५.६४	६.०६	७.८९	७.०५	६.३९
असोज	११.२२	११.०४	१०.१२	१०.३८	१२.५८
पहिलो त्रयमास	१७.०३	१७.९	१९.५७	१९.९२	२१.६१
कात्तिक	५.७६	४.०५	५.१२	५.३३	५.६३
मंसिर	५.०३	७.६	५.९३	६.९१	९.२६
पुष	७.३९	९.१३	९.९३	८.५६	७.३२
दोस्रो त्रयमास	१८.१८	२०.७८	२०.९८	२०.८	२२.२२
माघ	७.१३	६.४४	६.४२	८.०३	५.७३
फागुन	६.०८	६.४३	७.८५	८.१५	५.६७
चैत	१०.०५	९.०८	११.५३	७.६५	१०.३३
तेस्रो त्रयमास	२३.२६	२१.९५	२५.८	२३.८३	२१.७३
वैशाख	११.३७	८.७५	७.३७	१०.४७	१०.४६
जेठ	७.७९	९.६८	९.०३	८.६७	८.२१
असार	२२.३६	२०.९५	१७.२६	१६.३	१५.७७
अन्तिम त्रयमास	४१.५३	३९.३७	३३.६५	३५.४५	३४.४४
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

१८. आर्थिक वर्षको अन्त्यमा मात्र पुँजीगत खर्चको भुक्तानी अधिक हुने प्रवृत्तिमा हालसम्म पनि उल्लेख्य सुधार हुन सकेको छैन। आर्थिक वर्ष २०८१/८२ को पुँजीगत खर्चको कुल भुक्तानीमध्ये पहिलो त्रयमासमा १३.२ प्रतिशत भुक्तानी भएतापनि असार महिनामा मात्र ३५.६ प्रतिशत रकम भुक्तानी भएको छ। आर्थिक वर्ष २०८१/८२ को अन्तिम त्रयमासमा यस्तो भुक्तानी ५३.८ प्रतिशत रहेको छ। पछिल्लो पाँच आर्थिक वर्षको अन्तिम त्रयमासमा औसत पुँजीगत खर्च भुक्तानी ५२.६ प्रतिशत भएको छ।

तालिका (५) : पुँजीगत खर्चको मासिक भुक्तानी स्थिति (प्रतिशतमा)

महिना	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
साउन	०.०६	०.४३	०.६३	०.४३	३.८
भदौ	१.५८	०.७७	१.८७	३.८३	२.८
असोज	४.९३	५.६८	५.९१	५.०४	६.५
पहिलो त्रयमास	६.५७	६.८९	८.४२	९.३	१३.२
कात्तिक	६.२९	२.७३	२.८३	६.३४	२.३
मंसिर	२.८४	३.५२	३.२९	३.१७	२.८
पुष	६.५	१०.३६	८.३३	७.५१	७.२
दोस्रो त्रयमास	१५.६४	१६.६१	१४.४५	१७.०१	१२.४
माघ	५.३३	४.६२	५.४९	६.८५	५.२

महिना	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
फागुन	७.३६	७.५७	७.६९	९.२	६.४
चैत	११.३५	१२.३२	९.८४	८.४३	९.१
तेस्रो त्रयमास	२४.०४	२४.५१	२३.०२	२४.४८	२०.६
वैशाख	८.७६	६.७	७.८९	७.५७	७.८
जेठ	७.५२	९.११	११.७२	११.४४	१०.३
असार	३७.४७	३६.१९	३४.४९	३०.२	३५.६
अन्तिम त्रयमास	५३.७५	५२.0	५४.११	४९.२१	५३.८
जम्मा	१००	१००	१००	१००	१००.०

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

१९. पछिल्ला वर्षमा कुल सङ्घीय खर्चमा वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा बढेको छ। आर्थिक वर्ष २०७८/७९ मा वित्तीय व्यवस्थातर्फको खर्च कुल सङ्घीय खर्चको १०.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा बढेर २१.० प्रतिशत पुगेको छ। सार्वजनिक ऋणको सावाँ भुक्तानी रकममा वृद्धि हुँदै गएकाले वित्तीय व्यवस्था तर्फको खर्चको आकारमा उल्लेख्य वृद्धि भएको छ। अन्तरसरकारी वित्त हस्तान्तरण (४ किसिमका अनुदान) समेत सङ्घीय चालु खर्चमा गणना हुने हुँदा सङ्घीय सरकारको चालु खर्च अधिक देखिएको हो।

चार्ट (७) : सङ्घीय खर्च संरचना (सङ्घीय खर्चको प्रतिशत)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२।

२०. आर्थिक वर्ष २०८०/८१ मा सङ्घ, प्रदेश र स्थानीय तहको खुद खर्च (एकीकृत खर्च) रु.१६ खर्ब ४० अर्ब ६८ करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा उक्त खर्च रु.१६ खर्ब ५६ अर्ब ७ करोड रहेको थियो। एकीकृत खर्चमध्ये चालु खर्च ५६.१ प्रतिशत, पुँजीगत खर्च २७.३ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च १६.६ प्रतिशत रहेको छ।

चार्ट (८) : तीन तहका सरकारको खर्च स्थिति (एकिकृत खर्चको प्रतिशत)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

राजस्व परिचालन

२१. राजस्व परिचालनमा वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ मा राजस्व सङ्कलन ११.३ प्रतिशतले बढेर रु. ११ खर्ब ७८ अर्ब ८२ करोड पुगेको छ। यस अवधिमा सङ्कलित राजस्वमध्ये कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमशः ८९.१ प्रतिशत र १०.९ प्रतिशत रहेको छ। यस अवधिमा सङ्कलित राजस्व लक्ष्यको ८३.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो सङ्कलन लक्ष्यको ७४.४ प्रतिशत रहेको थियो।

२२. आर्थिक वर्ष २०८१/८२ मा ब्याजकर बाहेक सबै समूह र उपसमूह अन्तर्गत सङ्कलित राजस्व बढेको छ। ब्याजदरमा कमी आएको कारण आय कर अन्तर्गतको ब्याजकर सङ्कलनमा कमी आएको हो।

२३. यस अवधिको सङ्कलित कर राजस्वमध्ये भन्सार बिन्दुमा सङ्कलित कर राजस्वको अंश ४५.० प्रतिशत र आन्तरिकतर्फको कर राजस्वको अंश ५५.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश क्रमशः ४४.३१ प्रतिशत र ५५.६९ प्रतिशत रहेको थियो।

तालिका (६): पछिल्लो दुई आर्थिक वर्षको मासिक राजस्व परिचालनको स्थिति (रू.करोडमा)

महिना	२०८०/८१				२०८१/८२			
	कर राजस्व	गैरकर राजस्व	कुल राजस्व	कुल राजस्वको प्रतिशतमा	कर राजस्व	गैरकर राजस्व	कुल राजस्व	कुल राजस्वको प्रतिशतमा
साउन	७०१८	८७०	७८८७	७.४	७७४१.२७	१७३३.०३	९४७४.३०	८.०४
भदौ	५७७८	४४२	६२२०	५.९	६७७८.०६	३८६.४०	७१६४.४६	६.०८
असोज	७१५१	६५३	७८०४	७.४	७४४८.९६	७३८.२८	८१८७.२४	६.९५
कार्तिक	५४८४	२६८	५७५२	५.४	७०२१.७१	४७६.३४	७४९८.०५	६.३६
मंसिर	८२८८	३९०	८६७९	८.२	७२६८.०५	३६७.७९	७६३५.८४	६.४८
पुस	१०६३७	२६७१	१३३०७	१२.६	१२६८१.८७	३३१८.९८	१६०००.८५	१३.५७
माघ	६६९४	३९६	७०९०	६.७	७६२४.४४	७००.२१	८३२४.६५	७.०६
फागुन	६८१८	३४७	७१६४	६.८	७३१५.५३	४३३.७४	७७४९.२७	६.५७
चैत	९२४४	१६५५	१०९००	१०.३	१०५३३.६३	५६८.७७	१११०२.४०	९.४२
बैशाख	७५७२	८१७	८३८९	७.९	८४८०.४८	६२५.४६	९१०५.९४	७.७२
जेठ	७९९९	४९१	८४९०	८.०	८९०६.००	४५९.००	९३६५.००	७.९४
असार	११७७४	२४३३	१४२०७	१३.४	१३१८७.५४	३०८६.४८	१६२७४.०१	१३.८१
जम्मा	**९४४५५**	**११४३४**	**१०५८९०**	**१००**	**१०४९८७.५४**	**१२८९४.४८**	**११७८८२.०१**	**१००.००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

२४. आर्थिक वर्ष २०८१/८२ मा सङ्कलित कुल राजस्वमध्ये असार महिनामा सबैभन्दा बढी १३.८१ प्रतिशत र भदौ महिनामा सबैभन्दा कम ६.०८ प्रतिशत राजस्व सङ्कलन भएको छ।

२५. आर्थिक वर्ष २०८१/८२ मा कर राजस्वतर्फको सङ्कलन लक्ष्यको ८१.८ प्रतिशत र गैरकर राजस्व सङ्कलन लक्ष्यको ९८.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो सङ्कलन क्रमशः ७२.४ प्रतिशत र ९७.७ प्रतिशत रहेको थियो।

तालिका (७) : राजस्व लक्ष्य र असुलीको विवरण(रू. करोडमा)

शीर्षक	आर्थिक वर्ष २०८०/८१			आर्थिक वर्ष २०८१/८२		
	वार्षिक लक्ष्य	असुली	असुली प्रतिशत	वार्षिक लक्ष्य	असुली	असुली प्रतिशत
भन्सार महशुल	**३०७४४**	**२०१०२**	**६५.३९**	**३०७३६.२३**	**२३०९०.५९**	**७५.१२**
मूल्य अभिवृद्धि कर	**४२५८९**	**३१०४५**	**७२.८९**	**३८६५२.००**	**३४१९३.२५**	**८८.४६**
उत्पादन, विक्री, सेवा	१५७२२	१३०१०.१	८२.७५	१६४३६.६६	१४६८६.५९	८९.३५
पैठारी	२६८६८	१८०३४.९	६७.१३	२२२१५.३४	१९५०६.६६	८७.८१
अन्तःशुल्क	**२०७२२**	**१४६३५**	**७०.६३**	**१९४९६.१६**	**१७५१६.४७**	**८९.८५**
आन्तरिक उत्पादन	१५५५९	१०९२०.९	७०.१९	१४१८०.५८	१२८७२.६२	९०.७८
पैठारी	५१६३.६	३७१४.३४	७१.९३	५३१५.५८	४६४३.८५	८७.३६
शिक्षा सेवा शुल्क	**२८१.०२**	**३२६.३८**	**११६.१४**	**४६५.७६**	**४०५.९०**	**८७.१५**

शीर्षक	आर्थिक वर्ष २०८०/८१			आर्थिक वर्ष २०८१/८२		
	वार्षिक लक्ष्य	असुली	असुली प्रतिशत	वार्षिक लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	३६२१२	२८३४६	७८.२८	३९०७०.८१	२९७८१.३३	७६.२२
आयकर	३०२३२	२४६६२.६	८१.५८	३४०६२.३०	२६७६०.१५	७८.५६
ब्याज कर	५९८०.३	३६८३.८५	६१.६	५००८.५१	३०२१.१८	६०.३२
कर राजस्व	१३०५४८	९४४५५	७२.३५	१२८४२०.९६	१०४९८७.५४	८१.७५
गैरकर राजस्व	११७०६	११४३४	९७.६८	१३५०९.३४	१२८९४.४८	९५.४५
कुल राजस्व	१४२२५४	१०५८९०	७४.४४	१४१९३०.३०	११७८८२.०१	८३.०६
अन्य प्राप्ति	०	२३८५.३	-	०.००	१७३६.९६	-
जम्मा राजस्व र प्राप्ति	१४२२५४.२	१०८२७४.९	-	१४१९३०.३०	११९६१८.९८	८४.२८

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२

२६. कुल राजस्व परिचालनमा सबैभन्दा बढी योगदान मूल्य अभिवृद्धि करको रहेको छ। आर्थिक वर्ष २०८१/८२ को कुल राजस्व सङ्कलनमा अन्तःशुल्क, भन्सार महशुल र गैरकर राजस्वको योगदान बढेको छ भने अन्य राजस्व शीर्षकको योगदान घटेको छ।

चार्ट (९) : राजस्व परिचालनको संरचना



स्रोतः अर्थ मन्त्रालय, २०८२

सङ्घीय राजस्व

२७. आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारको राजस्व (बाँडफाँट हुने रोयल्टी सहित) ११.७ प्रतिशतले बढेर रू.१० खर्ब ३७ अर्ब ६२ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो राजस्व ११.४ प्रतिशतले वृद्धि भई रू.९ खर्ब २९ अर्ब ५ करोड रहेको थियो।

२८. आर्थिक वर्ष २०८१/८२ मा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व ८.७ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ४१ अर्ब २० करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो राजस्व रू.१ खर्ब २९ अर्ब ८६ रहेको थियो।

करको दायरा विस्तार

२९. स्थायी लेखा नम्बर लिने (दर्ता कायम रहेका) करदाताको सङ्ख्या २०८२ असार मसान्तसम्म ६९ लाख ९९ हजार ३ सय ५० पुगेको छ। कुल स्थायी लेखा नम्बर लिने करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर र व्यावसायिक स्थायी लेखा नम्बर लिनेको सङ्ख्या क्रमशः ७०.० प्रतिशत र २९.४ प्रतिशत रहेको छ भने करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ०.६ प्रतिशत रहेको छ।

३०. २०८१ असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता कायम रहेका करदाताको सङ्ख्या ३ लाख ५१ हजार ७ सय ३५ र अन्तःशुल्क ईजाजत प्रमाणपत्र लिने करदाताको सङ्ख्या १ लाख २४ हजार ९ सय ९७ पुगेको छ।

तालिका (८) : व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

दर्ताको प्रकार	२०७८ असारसम्म	२०७९ असारसम्म	२०८० असारसम्म	२०८१ असारसम्म	आ.व.२०८१/८२ मा थप भएका	२०८२ असारसम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१५८०३८०	१७६२४१३	१८७६३०५	१९९२५४४	११६६५७	२०६०७५८
व्यक्तिगत स्थायी लेखा नम्बर	२४७५७५३	३०५०३०४	३६४९६१४	४२६७३९५	६५४०१८	४९०२७२२
करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर	९९९८	१८०९४	२८१०७	८०४३०	२५४२	३५८७०
जम्मा स्थायी लेखा नम्बर	**४०६६१३१**	**४८३०८११**	**५५५४०२६**	**६३४०३६९**	**७७३२१७**	**६९९९३५०**
मूल्य अभिवृद्धि कर	२९०७१४	२९१६३१	३०८४७७	३३४९८३	२४३१८	३५१७३५
अन्तःशुल्क	१०४१८२	११२२३१	११६६७५	१२५०८१	७६२९	१२४९९७

स्रोतः अर्थ मन्त्रालय, २०८२

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

३१. आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारले अनुदानतर्फ रू.२३ अर्ब ५३ करोड र ऋणतर्फ रू.१ खर्ब २५ अर्ब ४० करोड गरी जम्मा रू.१ खर्ब ४८ अर्ब ९३ करोड वैदेशिक सहायता प्राप्त गरेको छ। कुल वैदेशिक सहायतामा अनुदान र ऋणको हिस्सा क्रमशः १५.८ प्रतिशत र ८४.२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा उक्त हिस्सा क्रमशः १६.० प्रतिशत र ८४.० प्रतिशत रहेको थियो।

तालिका (९) : पछिल्लो ५ वर्षको अन्तर्राष्ट्रिय विकास सहायता प्राप्तिको स्थिति (रू. करोड)

विवरण	आर्थिक वर्ष					प्रतिशत परिवर्तन	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
अनुदान	३५४५	२४१५	२३०१	२४०१	२३५३	४.३	-२.०
ऋण	१३०८७	१३३०८	१२२१०	१२५६७	१२५४०	२.९	-०.२
जम्मा	**१६६३२**	**१५७२३**	**१४५११**	**१४९६८**	**१४८९३**	**३.१**	**-०.५**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८२, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय/आर्थिक सर्वेक्षण, २०८१/८२

सार्वजनिक ऋण

३२. पछिल्ला वर्षहरुमा सरकारको सार्वजनिक ऋण दायित्व क्रमशः बढ्दै गई २०८२ असार मसान्तमा रू.२६ खर्ब ६९ अर्ब ५८ करोड पुगेको छ। २०८१ असार मसान्तमा यस्तो ऋण रू.२४ खर्ब ३८ अर्ब ४९ करोड रहेको थियो।

चार्ट (१०) : विगत एक दशकको सार्वजनिक ऋणको अवस्था (रु. करोडमा)



स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

३३. २०८२ असारमसान्तको कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४७.५ प्रतिशत र ५२.५ प्रतिशत रहेको छ। २०८१ असारमसान्तमा यस्तो अनुपात क्रमशः ४८.४ प्रतिशत र ५१.६ प्रतिशत रहेको थियो।

३४. आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारले कुल रु.४ खर्ब ५५ अर्ब ३९ करोड सार्वजनिक ऋण परिचालन गरेको छ। यसमध्ये आन्तरिक र बाह्य ऋण परिचालनको हिस्सा क्रमशः ७२.५ प्रतिशत र २७.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय सरकारले कुल रु.३ खर्ब ५८ अर्ब ३ करोड सार्वजनिक ऋण परिचालन गरेको थियो।

३५. आर्थिक वर्ष २०८१/८२ मा सरकारको ऋण सेवा खर्च (साँवा तथा व्याज भुक्तानी) रू.३ खर्ब ६२ अर्ब ५९ करोड रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ५.९ प्रतिशत हो। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात ५.४ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा ऋण सेवा खर्च कुल सङ्घीय राजस्वको ३४.९ प्रतिशत पुगेको छ। यस्तो अनुपात आर्थिक वर्ष २०७७/७८ मा ११.५ प्रतिशत मात्र रहेको थियो।

३६. आर्थिक वर्ष २०८१/८२ मा सङ्घीय सरकारले आन्तरिक ऋणतर्फ रू.२ खर्ब ४३ अर्ब ९१ करोड र बाह्य ऋण तर्फ रू.४८ अर्ब ५७ करोड गरी रु.२ खर्ब ९२ अर्ब ४८ करोड बराबरको साँवा भुक्तानी गरेको छ। यस अवधिमा सङ्घीय सरकारले आन्तरिकतर्फ रू.६० अर्ब २८ करोड र बाह्य ऋण तर्फ रु.९ अर्ब ८३ करोड गरी रु.७० अर्ब ११ करोड बराबरको ब्याज भुक्तानी गरेको छ।

तालिका (१०): पछिल्लो ५ वर्षको सार्वजनिक ऋण परिचालनको स्थिति (रू. करोडमा)

विवरण	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
आन्तरिक ऋण परिचालन	२२४०१	२३१८५	२५६००	२३४४२	३२९९९
जिडिपिको प्रतिशतमा	५.१	४.७	४.८	४.१	५.४
वैदेशिक ऋण परिचालन	१३०८७	१३३०८	१२३०५	१२३६१	१२५४०
को प्रतिशतमा	३	२.७	२.३	२.१	२.०५
कुल सार्वजनिक ऋण परिचालन	३५४८८	३६४९३	३७९०५	३५८०३	४५५३९
जिडिपिको प्रतिशतमा	८.२	७.४	७.१	६.२	७.४६
ऋण सेवा खर्च	९४८०	१२१७८	२२२६१	३०५३८	३६२५९
साँवा फिर्ता खर्च	६०१७	७६७५	१४९७१	२२३३५	२९२४८
व्याज खर्च	३४६३	४५०३	७२८९	८२०३	७०११
ऋण सेवा खर्च (जिडिपिको प्रतिशतमा)	२.२	२.५	४.२	५.४	५.९
ऋण सेवा खर्च (सङ्घीय राजस्वको प्रतिशतमा)	११.५	१३.०	२६.७	३२.९	३४.९

स्रोतः आर्थिक सर्वेक्षण २०८१/८२ र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

३७. पछिल्ला वर्षहरुमा सार्वजनिक ऋणलाई पुँजी निर्माणसँग आबद्ध गरी आय, रोजगारी र उत्पादन अभिवृद्धि गर्न परियोजनामा आधारित ऋण लिने, अल्पकालीन अवधिका ऋण नलिने जस्ता ऋण व्यवस्थापन सुधार कार्यमा जोड दिइएको छ।

वैदेशिक सहायता प्रतिबद्धता

३८. आर्थिक वर्ष २०८१/८२ मा ऋण र अनुदान गरी कुल अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धता ११३.५ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७३ अर्ब ५ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो प्रतिबद्धता ४१.३ प्रतिशतले घटेको थियो।

तालिका (११) : पछिल्लो ५ वर्षको वैदेशिक सहायता प्रतिबद्धताको स्थिति (रु. करोडमा)

विवरण	आर्थिक वर्ष					वृद्धिदर	
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
कुल प्रतिबद्धता	२२५३७	२३७९२	२१८०५	१२७८९	२७३०५	-४१.३	११३.५
ऋण	१९७९८	१४४६१	१७५७४	८४९१	२१५५४	-५१.७	१५३.८
अनुदान	२७३९	९३३१	४२३१	४२९८	५७५०	१.६	३३.८

स्रोतः अर्थ मन्त्रालय, २०८२

बाह्य क्षेत्र

बाह्य क्षेत्रका परिसूचकहरू

३९. आर्थिक वर्ष २०८१/८२ मा वस्तु निकासी तथा विप्रेषण आयमा भएको उल्लेख्य वृद्धिको कारण चालु खाता र शोधनान्तर स्थिति हालसम्मकै उच्च बचतमा रहेका छन्। विदेशी मुद्रा सञ्चिति उल्लेख्य बढेको छ। यसबाट बाह्य क्षेत्र थप मजबुत र सबल बन्दै गएको छ। यस अवधिमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वस्तु निकासी र वस्तु पैठारी बढेको तथा व्यापार घाटा घटेको छ। वस्तु पैठारीको तुलनामा वस्तु निकासीको वृद्धिदर उच्च छ।

तालिका (१२) : बाह्य क्षेत्रका परिसूचकहरू (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)

बाह्य क्षेत्रका परिसूचकहरू	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
निकासी	२.५	३.२	४.०	२.९	२.७	४.५
पैठारी	३०.८	३५.४	३८.६	३०.१	२७.९	२९.५
कुल व्यापार	३३.३	३८.६	४२.६	३३.१	३०.६	३४.१
व्यापार सन्तुलन	-२८.३	-३२.१	-३४.६	-२७.१	-२५.२	-२५.०
खुद सेवा आय	०.०	-१.७	-२.२	-१.५	-१.०	-१.१
खुद वस्तु तथा सेवा निकासी	-२७.३	-३२.८	-३५.६	-२७.७	-२५.३	-२४.५
शोधनान्तर स्थिति	७.३	०.०	-५.१	५.३	८.८	९.७
चालु खाता सन्तुलन	-०.९	-७.७	-१२.५	-०.९	३.९	६.७
विप्रेषण आप्रवाह	२२.५	२२.१	२०.२	२३.१	२५.३	२५.९
विदेशी विनिमय सञ्चिति	३६.१	३२.१	२४.४	२८.७	३५.८	४३.८
खुद वैदेशिक लगानी	०.५	०.५	०.४	०.१	०.२	०.१
भ्रमण आय	१.६	०.२	०.७	१.२	१.४	१.५
भ्रमण खर्च	१.४	०.८	२.०	२.७	३.३	३.७

स्रोतः भन्सार विभाग / नेपाल राष्ट्र बैंक, २०८२

वस्तु निकासी

४०. आर्थिक वर्ष २०८०/८१ मा ३.० प्रतिशतले सङ्कुचन भएको वस्तु निकासी आर्थिक वर्ष २०८१/८२ मा ८१.८ प्रतिशतको उच्च दरमा वृद्धि भएको छ। यस अवधिमा कुल वस्तु निकासी रु.२ खर्ब ७७ अर्ब ३ करोड रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा ४६.६ प्रतिशतले बढेको चीनतर्फको निकासी आर्थिक वर्ष २०८१/८२ मा १.६ प्रतिशतले मात्र बढेको छ। भारततर्फको निकासी आर्थिक वर्ष २०८०/८१ मा ३.३ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा उल्लेख्यरुपमा सुधार भई ११७.८ प्रतिशतले बढेको छ। अन्य देशतर्फको निकासी क्रमशः ३.३ प्रतिशत र ४.३ प्रतिशतले घटेको छ। भारतबाहेक अन्य मुलुकतर्फ भएको निकासी आर्थिक वर्ष २०८०/८१ मा ४.३ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०८१/८२ मा केही सुधार भई ६.७ प्रतिशतले बढेको छ।

४१. आर्थिक वर्ष २०८१/८२ मा १३३ देशतर्फ वस्तु निकासी भएको छ। गत आर्थिक वर्ष यस्तो सङ्ख्या १३१ रहेको थियो। विगतमा कुल वस्तु निकासीको दुई तिहाई भन्दा बढी निकासी भारततर्फ हुने गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो निकासी ८१.१ प्रतिशत पुगेको छ जुन आर्थिक वर्ष २०८०/८१ मा ६७.७ प्रतिशत रहेको थियो। त्यसैगरी, अमेरिका, जर्मनी, बेलायत, चीन र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ६.६ प्रतिशत, १.६ प्रतिशत, १.१ प्रतिशत, ०.९ प्रतिशत र

८.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अंश क्रमशः ११.४ प्रतिशत, २.९ प्रतिशत, २.० प्रतिशत, १.७ प्रतिशत र १४.३ प्रतिशत रहेको थियो।

चार्ट (११) : आर्थिक वर्ष २०८१/८२ मा देशगत रुपमा निकासीको संरचना (प्रतिशतमा)



स्रोतः भन्सार विभाग, २०८२

४२. आर्थिक वर्ष २०८१/८२ मा अमेरिका, जर्मनी, वेलायत र चीन तर्फको निकासीको हिस्सा गत आर्थिक वर्षको तुलनामा घटेको छ। कुल निकासीमा भारततर्फको निकासीको हिस्सा उच्च रहेकोले अन्य मुलुकसँगको निकासीको हिस्सा तुलनात्मकरुपमा न्यून रहेको छ।

तालिका (१३) : देशगत रुपमा निकासीको संरचना (कुल निकासीको प्रतिशतमा)

क्र. स.	देश	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
१	भारत	७१.८	७५.४	७७.६	६७.९	६७.७	८१.१
२	अमेरिका	९.७	९.८	९.०	१२.५	११.४	६.६
३	जर्मनी	२.८	२.३	२.१	२.८	२.९	१.६
४	टर्की	२.२	१.१	१.९	१.४	०.७	०.४
५	वेलायत	२.१	१.७	१.६	२.१	२.०	१.१
६	चीन	१.२	०.७	०.४	१.१	१.७	०.९
७	फ्रान्स	१.१	०.९	०.८	१.२	१.३	०.७
८	बङ्गलादेश	१.०	०.५	०.४	०.४	०.४	०.२
९	जापान	०.९	०.७	०.६	०.९	१.०	०.७
१०	इटाली	०.७	०.६	०.६	०.८	०.९	०.५
	अन्य देश	६.५	६.३	५.२	९.०	९.९	६.०

स्रोतः भन्सार विभाग, २०८२

४३. आर्थिक वर्ष २०८१/८२ मा निकासी भएका प्रमुख दश वस्तुको कुल निकासीमा अंश ६५.८ प्रतिशत र प्रमुख बीस वस्तुको अंश ७४.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा सोही वस्तुहरुको निकासीको अंश क्रमशः ४९.४ प्रतिशत र ६५.० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ को वस्तु निकासीमा सोयाविन तेलको हिस्सा सबैभन्दा बढी ३८.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो हिस्सा ०.६ प्रतिशत मात्र रहेको थियो। सोयाविन तेल, पोलिस्टर यार्न, जुटका सामान, चिया लगायतका वस्तुमा भएको उच्च निर्यात वृद्धिका कारण प्रमुख वस्तुहरूको निर्यात हिस्सामा सुधार देखिएको हो।

तालिका (१४) : निकासी भएका प्रमुख दश वस्तुहरू (रु.करोडमा)

वस्तु	आर्थिक वर्ष		२०८१/८२		प्रतिशत परिवर्तन
	२०७९/८०	२०८०/८१	निकासी	हिस्सा	
सोयाविन तेल	८४७.६	९०.२	१०६७९.१	३८.५	-
पोलिस्टरको धागो र यार्न	१०५५.०	११२१.०	१३५८.०	४.९	२१.१
उनी गलैंचा कार्पेट	११५०.४	१०५७.१	१०७७.३	३.९	१.९
फलामे पाता	७७०.६	११८५.८	१०१०.९	३.६	-१४.८
जुटको सामान	७२४.१	६७५.६	८२२.३	३.०	२१.७
फलफुलको जुस	६६३.०	८६५.९	७७०.४	२.८	-११.०
अलैची	८२५.६	७९३.७	७६७.४	२.८	-३.३
प्लाइउड /पार्टिकल वोर्ड	४७०.४	७४१.५	७१०.०	२.६	-४.३
तयारी कपडा	५८३.९	६२९.५	५८१.०	२.१	-७.७
चिया	३९३.०	३६१.२	४५६.८	१.६	२६.५
अन्य	८४७६.०	९०१.८	९४६९.९	३४.२	५.०
कुल निकासी	**१५७१४.१**	**१५२३८.१**	**२७७०३.०**	**१००.०**	**८१.८**

स्रोतः भन्सार विभाग, २०८२

४४. आर्थिक वर्ष २०८१/८२ मा सोयाविन तेल, पोलिस्टर यार्न, ऊनी गलैचा, जुटको सामान लगायतका वस्तुको निकासी बढेको छ भने फलामे पाता, फलफुलको जुस, अलैंची, प्लाइउड, तयारी कपडा लगायतका वस्तुको निकासी घटेको छ। आर्थिक वर्ष २०८०/८१ मा फलामे पाता, प्लाइउड, फलफुलको जुस, तयारी कपडा लगायतका वस्तुको निकासी बढेको थियो भने प्रशोधित पाम तेल, अलैची, उनी गलैंचा कार्पेट, जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी घटेको थियो।

४५. आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु व्यापारमा वस्तु निकासीको अंश ८.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा सुधार भई १३.३ प्रतिशत पुगेको छ।

वस्तु पैठारी

४६. आर्थिक वर्ष २०८०/८१ मा १.२ प्रतिशतले घटेर रु.१५ खर्ब ९२ अर्ब ९९ करोड रहेको वस्तु पैठारी आर्थिक वर्ष २०८१/८२ मा १३.३ प्रतिशतले बढेर रु.१८ खर्ब ४ अर्ब १२ करोड पुगेको छ। यस अवधिमा भारत, चीन र अन्य देशबाट भएको वस्तु पैठारी क्रमशः ७.५ प्रतिशत, १४.२ प्रतिशत र ३१.७ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा भारत र अन्य देशबाट भएको वस्तु पैठारी क्रमशः ३.० प्रतिशत र १७.६ प्रतिशतले घटेको थियो भने चीनबाट भएको पैठारी ३४.२ प्रतिशतले बढेको थियो।

४७. आर्थिक वर्ष २०८०/८१ मा १६३ देशबाट वस्तु पैठारी भएकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो सङ्ख्या १७२ पुगेको छ। कुल पैठारीमा भारत र चीनबाट भएको पैठारी तीन चौथाई भन्दा बढी रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा भारत, चीन, अमेरिका, संयुक्त अरब ईमिरेट्स, युक्रेन, संयुक्त अधिराज्य, जर्मनी र अन्य देशहरूबाट भएको पैठारीको अंश क्रमशः ५९.४ प्रतिशत, १८.९ प्रतिशत, १.४ प्रतिशत, १.४ प्रतिशत, १.४ प्रतिशत, ०.४ प्रतिशत, ०.४ प्रतिशत र १६.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा भारत, चीन, संयुक्त अरब ईमिरेट्स, संयुक्त अधिराज्य,

युक्रेन र अन्य देशहरूबाट भएको पैठारीको अंश क्रमशः ६२.६ प्रतिशत, १८.८ प्रतिशत, १.८ प्रतिशत, १.२ प्रतिशत, १.२ प्रतिशत र १४.४ प्रतिशत रहेको थियो।

चार्ट (१२) : आर्थिक वर्ष २०८१/८२ मा देशगतरुपमा पैठारीको संरचना (प्रतिशत)



स्रोतः भन्सार विभाग, २०८२

४८. आर्थिक वर्ष २०८०/८१ मा पेट्रोलियम पदार्थको पैठारी कुल पैठारीको १८.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो पैठारीमा केही कमी आई १६.० प्रतिशत रहेको छ। यस अवधिमा कुल पैठारीमा प्रमुख १० वस्तुको पैठारीको अंश ४५.८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यी वस्तुहरुको पैठारीमा अंश ४३.१ प्रतिशत रहेको थियो।

तालिका (१५) : पैठारी भएका प्रमुख १० वस्तुहरू (रु.करोडमा)

वस्तु	आर्थिक वर्ष			२०८१/८२	
	२०७९/८०	२०८०/८१	२०८१/८२	हिस्सा	बृद्धिदर
पेट्रोलियम पदार्थ	३०९८८	३००६५	२८७७९	१६.०	-४.३
कच्चा सोयाविन तेल	३५६७	१३४५	१०८००	६.०	७०३.३
सवारी साधनका पार्टपुर्जा	६१८०	७८०१	९६२२	५.३	२३.३
अन्य मेशिनरी पार्टस्	७२९५	७८८५	८२२८	४.६	४.४
स्पोन्ज फलाम	४३६०	३९०३	४८७७	२.७	२५.०
औषधी	४७६६	४५९०	४६३६	२.६	१.०
दुरसंचार सामाग्री तथा पार्टस्	३६४०	३७१४	४३५८	२.४	१७.३
धान	३६४०	२२१०	३९८२	२.२	८०.२
तयारी कपडा	२४४८	३३२६	३८८६	२.२	१६.८
विद्युतीय उपकरण	३१८२	३८६८	३४४३	१.९	-११.०
अन्य	९११०७	९०५९२	९७८०२	५४.२	८.०
जम्मा पैठारी	**१६१११७३**	**१५९२९९**	**१८०४१२**	**१००.०**	**१३.३**

स्रोतः भन्सार विभाग, २०८२।

४९. कुल वस्तु व्यापारमा वस्तु पैठारीको अंश आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा क्रमशः ९१.१ प्रतिशत र ९१.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्तो अंशमा सुधार भई ८६.७ प्रतिशत पुगेको छ।

५०. आर्थिक वर्ष २०८१/८२ मा पैठारी भएका प्रमुख १० वस्तुमध्ये पेट्रोलियम पदार्थ र विद्युतीय उपकरणको आयात आर्थिक वर्ष २०८०/८१ को तुलनामा घटेको छ भने अन्य वस्तुको पैठारी

बढेको छ। आर्थिक वर्ष २०८०/८१ को तुलनामा पेट्रोलियम पदार्थ र विद्युतीय उपकरणको आयात क्रमशः ४.३ प्रतिशत र ११.० प्रतिशतले घटेको छ। त्यसैगरी, कच्चा सोयाविन तेलको आयात सबैभन्दा बढी ७०३.३ प्रतिशतले बढेको छ भने धान ८०.२ प्रतिशत, स्पोन्ज फलाम २५.० प्रतिशत र तयारी कपडाको आयात १६.८ प्रतिशतले बढेको छ।

वस्तु व्यापार सन्तुलन

५१. आर्थिक वर्ष २०८१/८२ मा वस्तु व्यापार घाटा ६.० प्रतिशतले बढेर रु.१५ खर्ब २७ अर्ब ९ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो घाटा १.० प्रतिशतले घटेर रु.१४ खर्ब ४० अर्ब ६० करोड रहेको थियो।

५२. आर्थिक वर्ष २०८१/८२ मा भारततर्फको व्यापार घाटा ५.३ प्रतिशत घटेको छ भने चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः १४.३ प्रतिशत र ३६.३ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा भारत र अन्य देशसँगको व्यापार घाटा क्रमशः ३.० प्रतिशत र १९.७ प्रतिशतले घटेको थियो भने चीनसँगको व्यापार घाटा ३४.१ प्रतिशतले बढेको थियो।

पैठारी-निकासी अनुपात

५३. वस्तु निकासीको तुलनामा वस्तु पैठारी उच्च रहँदै आएको छ। पछिल्लो एक दशकको पैठारी-निकासी अनुपात ११.५ रहेको छ। तथापि, आर्थिक वर्ष २०८१/८२ मा निकासीमा भएको उल्लेख्य वृद्धि तथा सोको तुलनामा पैठारीमा भएको न्यून वृद्धिका कारण पैठारी-निकासी अनुपातमा सुधार आएको छ। आर्थिक वर्ष २०८०/८१ मा १०.५ रहेको यस्तो अनुपात आर्थिक वर्ष २०८१/८२ मा सुधार भई ६.५ पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा भने यस्तो अनुपात १०.३ रहेको थियो।

५४. आर्थिक वर्ष २०८१/८२ मा भारतसँगको व्यापारमा पैठारी-निकासी अनुपात उल्लेख्य सुधार भई ४.८ मात्र रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा भारतसँगको यस्तो अनुपात ९.७ रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा यस्तो अनुपात ९.६ रहेको थियो।

चार्ट (१३) : पैठारी-निकासी अनुपात प्रवृत्ति



स्रोतः भन्सार विभाग, २०८२।

५५. आर्थिक वर्ष २०८१/८२ मा रु.३३ अर्ब ४१ करोड बराबरको विद्युतीय सवारी साधनको पैठारी भएको छ जुन आर्थिक वर्ष २०८०/८१ को रु.३५ अर्ब ६९ करोड को तुलनामा ६.४ प्रतिशतले कम हो।

वस्तु निकासी र पैठारीको मासिक विवरण

५६. आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ को पहिलो तीन महिनामा बाहेक अन्य सबै महिनामा निकासी बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा असोज, मंसिर, फागुन र जेठ महिनामा बाहेक अन्य सबै महिनामा वस्तु निकासी घटेको थियो।

तालिका (१६) : पछिल्लो तीन आर्थिक वर्षको मासिक वस्तु निकासीको अवस्था

महिना	निकासी (रु. करोडमा)			वृद्धिदर	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
श्रावण	१४८१	१३५३	१२२३	-८.७	-९.६
भदौ	१३८७	१२९२	१२८६	-६.९	-०.४
असोज	१३१४	१४४३	१३२९	९.८	-७.९
कार्तिक	१२९५	९६९	१४२९	-२५.२	४७.५
मंसिर	१२५३	१२६४	२०९९	०.९	६६.०
पुष	१३५०	११७६	२५१३	-१२.९	११३.७
माघ	१२६३	११८६	२८४१	-६.०	१३९.५
फागुन	११३६	१३७९	३०९७	२१.३	१२४.६
चैत्र	१३४८	१३३३	३००३	-१.२	१२५.३
वैशाख	१२६२	१२२३	२९७१	-३.१	१४३.०
जेठ	१२६९	१३०९	२९६६	३.२	१२६.६
असार	१३५५	१३१२	२९४६	-३.२	१२४.६
जम्मा	१५७१३	१५२३८	२७७०३	-३.०	८१.८

स्रोतः भन्सार विभाग, २०८२

५७. आर्थिक वर्ष २०८१/८२ मा साउन र असोज बाहेक अन्य महिनामा वस्तु पैठारी बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा असोज, माघ, वैशाख, जेठ र असारबाहेक अन्य महिनामा वस्तु पैठारी घटेको थियो।

तालिका (१७) : पछिल्लो तीन आर्थिक वर्षको मासिक वस्तु पैठारीको अवस्था

महिना	पैठारी (रु. करोडमा)			वृद्धिदर	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
श्रावण	१३१२९	१२९२४	१२८३८	-१.६	-०.७
भदौ	१४२३१	१३०५१	१३४१६	-८.३	२.८
असोज	१२७४०	१४८०१	१२८२१	१६.२	-१३.४
कार्तिक	१३१६९	१०४७४	१२२६४	-२०.५	१७.१
मंसिर	१३२०६	१२९७१	१४८१०	-१.८	१४.२
पुष	१२७९२	१२५९६	१६०८८	-१.५	२७.७
माघ	१२६५०	१२९७८	१६६२२	२.६	२८.१
फागुन	१३९२२	१३२२८	१५६९८	-५.०	१८.७

महिना	पैठारी (रु. करोडमा)			वृद्धिदर	
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८०/८१	२०८१/८२
चैत्र	१४३१२	१३७१५	१६३९६	-४.२	१९.६
वैशाख	१३३८१	१३५९९	१६४६६	१.६	२१.१
जेठ	१४५६६	१५०३५	१७०६१	३.२	१३.५
असार	१३०७५	१३९२८	१५९३२	६.५	१४.४
जम्मा	१६११७३	१५९२९९	१८०४१२	-१.२	१३.३

स्रोतः भन्सार विभाग, २०८२

५८. आर्थिक वर्ष २०८१/८२ को वैदेशिक व्यापारको मासिक स्थिति विश्लेषण गर्दा प्रायः महिनामा वस्तु पैठारी र निकासी बढ्दै गएको छ। वस्तु निकासीको वृद्धिदर उच्च रहेकाले पैठारी-निकासी अनुपातमा सुधार भएपनि वस्तु व्यापार घाटा भने ६.० प्रतिशतले बढेको छ।

चार्ट (१४) : निकासी, पैठारी र व्यापार घाटाको मासिक प्रवृत्ति (रू. करोडमा)



स्रोतः भन्सार विभाग, २०८२

५९. आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०८१/८२ सम्मको आठ वर्षको अवधिमा मासिक औसत निकासी रु.१२ अर्ब ३४ करोड रहेको छ भने मासिक औसत पैठारी रु.१ खर्ब २७ अर्ब रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा मासिक औसत निकासी रु.२३ अर्ब ९ करोड र मासिक औसत पैठारी रु.१ खर्ब ५० अर्ब ३४ करोड रहेको छ।

सेवा व्यापार

६०. आर्थिक वर्ष २०८१/८२ मा सेवा आय रु.२ खर्ब ३८ अर्ब ६६ करोड र सेवा भुक्तानी रु.३ खर्ब २९ अर्ब ६० करोड रहेको छ। सेवा आय भन्दा सेवा भुक्तानी रु.९० अर्ब ९४ करोडले बढी रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा सेवा आय रु.२ खर्ब ५२ अर्ब ७७ करोड र सेवा भुक्तानी

